# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पौष २१ गते २०२१ साल


### श्री ५ को सरकार

### निर्माण, सञ्चार तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित जग्गा त्रिपुरेश्वर सडक फराकिलो पार्दा पर्न गएको घर विहीनवालाहरूलाई घर बनाउन दिन प्राप्त गर्ने निर्णय गरेकोले जग्गा लिराको मोल र अड नोक्सानीबापत उक्त ऐनबमोजिम क्षतिपूर्ति दिइने हुँदा यो सूचना प्रकाशित गरिएको छ।

का.इ.[मचलीबारी पूर्व गोरेटो बाटो, पश्चिम लगन गोकलेटोल जाने बाटो, उत्तर च्यामेहरूको घर गान्हो र दक्षिण कालीमाटी जाने मूलसडक, यति ४ किल्लाभित्रको माल लिराको जग्गा रोपनी ७-।।।२ (सात रोपनी दुई आना चौथ दामको जग्गा कित्ता एक ।

आज्ञाले-

प्रद्युम्नलाल राजभण्डारी

श्री ५ को सरकारको सचिव।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## निर्माण, सञ्चार तथा यातायात मन्त्रालयको सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्नलिखित जग्गा काठमाडौं भक्तपुर मोटर सर्भिसको लागि मोटर पार्क बनाउन प्राप्त गर्ने निर्णय गरेकोले जग्गा लिंदाको मोल र अरू नोक्सानीबापत उक्त ऐनबमोजिम क्षतिपूर्ति दिइने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

का.इ. बागबजारको सडक लाइन छेउको युनानी औषधालय रहेको घर पछाडि बिजुली अड्डाको जग्गादेखि पूर्व, बागबजार सडकदेखि दक्षिण, विद्युतको छहरादेखि उत्तर, सुकुभाइको जग्गादेखि पश्चिम, यति ४ किल्लाभित्रको गुठी, माल दर्ता तिराको जग्गा रोपनी ८-।। (आठरोपनी एक आना दुई पैसा) को जग्गा कित्ता एक।

आज्ञाले-
प्रद्युम्नलाल राजभण्डारी,
श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिक संस्करण मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।